राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ७९ २०८३ असोज २१ गते बुधवार (07 Oct. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## शिक्षकको कुटपिटबाट छात्राको कानको जाली फुटेको अभिभावकको आरोप

### एजुकेशन पोइन्ट एकेडेमीमा कक्षा १० की छात्रामाथि चार-पाँच पटक झापड हानेको दाबी, निष्पक्ष छानबिनको माग

दैनिक समाचारदाता

जनकपुरधाम, २० असोज । जनकपुरधाम उपमहानगरपालिका-४ स्थित एजुकेशन पोइन्ट एकेडेमीमा कक्षा १० मा अध्ययनरत एक छात्रामाथि शिक्षकले कुटपिट गरेको आरोप लागेको छ।

छात्राका बुवाका अनुसार विद्यालयका शिक्षक ईश्वरले कुनै गल्ती नगरेकी छोरीलाई गालामा चार-पाँच पटक झापड हानेका थिए। शिक्षकको कुटपिटबाट छात्राको कानको




जालीसमेत फुटेको अभिभावकले दाबी गरेका छन्।

अभिभावकले छात्राको कुनै गल्ती नभएको अवस्थामा शिक्षकले व्यक्तिगत आक्रोश वा मानसिक तनाव छात्रामाथि पोख्दै कुटपिट गरेको आरोप लगाएका छन्। घटनापछि छात्रामा शारीरिक तथा मानसिक असर परेको भन्दै अभिभावकले घटनाको निष्पक्ष छानबिन गर्न माग गरेका छन्। विद्यालय परिसरमा विद्यार्थीमाथि भएको भनिएको कुटपिटबारे विद्यालय प्रशासनको आधिकारिक धारणा भने सार्वजनिक हुन बाँकी छ।

अभिभावकले बालबालिकामाथि हुने कुनै पनि प्रकारको शारीरिक तथा मानसिक हिंसाको निष्पक्ष छानबिन गरी आरोप पुष्टि भए दोषी शिक्षकलाई कानुनअनुसार कारबाही गर्न माग गरेका छन्।

## इन्टरनेट मतदानतर्फ अघि बढ्ने निर्वाचन आयोगको तयारी




दैनिक समाचारदाता

काठमाडौं, २० असोज । प्रमुख निर्वाचन आयुक्त मानवबहादुर कार्कीले आगामी दिनमा इन्टरनेटमार्फत मतदान गर्ने प्रणालीतर्फ अघि बढ्ने बताएका छन्।निर्वाचन आयोगले मंगलबार आयोजना गरेको 'इन्टरनेट मतदान प्रविधि तथा निर्वाचन व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी प्रस्तुतीकरण, प्रविधि प्रदर्शन तथा अन्तरक्रिया' कार्यक्रममा बोल्दै प्रमुख निर्वाचन आयुक्त कार्कीले यस्तो बताएका हुन्।

उनले इन्टरनेट मतदान प्रणाली कार्यान्वयनका लागि प्रविधिगत तयारीसँगै संस्थागत क्षमता विकास, साइबर सुरक्षा र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए।

कार्यक्रममा निर्वाचन आयुक्त डा. राजीव सुब्बाले इन्टरनेट मतदान प्रणाली कार्यान्वयनका लागि निर्वाचन आयोगमा मात्र नभई नेपाल सरकारका विभिन्न निकायमा उपलब्ध सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान, सीप, जनशक्ति र प्राविधिक क्षमताको नक्सांकन गर्नुपर्ने बताए।

उनका अनुसार इन्टरनेट मतदान बहुआयामिक र विभिन्न निकायसँग सम्बन्धित विषय भएकाले डिजिटल पहिचान, मतदाता प्रमाणीकरण, तथ्यांक आदानप्रदान, साइबर सुरक्षा, प्रणाली विकास, पूर्वाधार तथा सञ्चालनलगायत क्षेत्रमा उपलब्ध विशेषज्ञता र सीपको पहिचान आवश्यक छ।

आयुक्त सुब्बाले इन्टरनेट मतदान प्रणाली कार्यान्वयनका क्रममा आवश्यक पर्ने प्राविधिक जनशक्ति, विशेषज्ञता र संस्थागत क्षमताको पहिचान तथा उपयोगका लागि यस्तो नक्सांकनले आधार तयार गर्ने बताए।

## दुर्गा प्रसाई दुई लाख धरौटीमा रिहा

दैनिक समाचारदाता

काठमाडौं, २० असोज । जिल्ला अदालत काठमाडौंले दुर्गा प्रसाईंलाई दुई लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको छ।

न्यायाधीश उमेश लुइँटेलको इजलासले मंगलबार प्रसाईंलाई दुई लाख रुपियाँ धरौटीमा छाड्न आदेश दिएको हो।



सांसद रचना खतिवडाले दिएको जाहेरीका आधारमा प्रहरीले प्रसाईंलाई आपत्तिजनक अभिव्यक्ति दिएको आरोपमा पक्राउ गरेको थियो। सोही मुद्दामा अदालतले सुनुवाइ गर्दै उनलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो।

## नेतृत्वको आलोचना गरे कारबाही गर्ने एमालेको निर्णय

### ओलीको अपानि: पार्टी नीति र नेतृत्वविरुद्ध सार्वजनिक विरोध तथा गुटबन्दीमा स्पष्टीकरण

दैनिक समाचारदाता

काठमाडौँ २० असोज । नेकपा एमालेले पार्टी नीति, निर्णय र नेतृत्वको सार्वजनिक रूपमा आलोचना वा विरोध गर्ने नेता-कार्यकर्तामाथि अनुशासनको कारबाही गर्ने निर्णय गरेको छ।

असोज ८ गते सम्पन्न तेस्रो केन्द्रीय कमिटी बैठकको निर्णयअनुसार एमालेले पार्टी पङ्क्तिलाई अन्तरपार्टी निर्देशन (अपानि) जारी गर्दै सार्वजनिक रूपमा पार्टी नीति, निर्णय र नेतृत्वमाथि प्रश्न उठाउने, आलोचना गर्ने वा विरोध गर्ने गतिविधिलाई अनुशासनहीन कार्यका रूपमा लिने जनाएको हो।

अध्यक्ष केपी शर्मा ओलीले हस्ताक्षर गरी असोज १८ गते जारी गरेको अपानिमा पार्टीभित्र देखिएको स्वेच्छाचारिता, अराजकता, अनुशासनहीनता र गुटबन्दी अन्त्य गरी पार्टीलाई एकताबद्ध र सुदृढ बनाउन यस्तो व्यवस्था गरिएको उल्लेख छ।

अपानिमा अबदेखि पार्टी



नीति, निर्णय र नेतृत्वविरुद्ध सार्वजनिक रूपमा आलोचना, विरोध, निन्दा वा अपमान गर्ने तथा गुटबन्दी वा अनुशासनहीन गतिविधि गर्ने व्यक्तिमाथि स्पष्टीकरण सोधेर कारबाही गरिने उल्लेख गरिएको छ। केन्द्रीय कमिटीको पछिल्लो बैठकलाई यसका लागि 'कटअफ बैठक' मानिएको पनि जनाइएको छ।पार्टी पुनर्गठनबारे बहस चलिरहेका बेला एमालेका केही नेता-कार्यकर्ताले अध्यक्ष ओलीको नेतृत्व र पार्टी सञ्चालनको शैलीमाथि सार्वजनिक रूपमा प्रश्न उठाउँदै आएका थिए। उपाध्यक्ष रामबहादुर थापा 'बादल' नेतृत्वको पुनर्गठन कार्यदलले सातै प्रदेशमा गरेको छलफलबाट तयार पारेको प्रतिवेदनमा समेत नेतृत्व परिवर्तनको विषय उठाइएको थियो।

यसैबीच एमालेले पुस्तान्तरणलाई घोषणामा सीमित नराखी प्रणालीमै आधारित बनाउने जनाएको छ। युवा नेतृत्व विकासका लागि प्रशिक्षण, वैचारिक शिक्षा, जनसम्पर्क, नीति निर्माणमा सहभागिता, संगठन सञ्चालनको अवसर र चुनावी जिम्मेवारी आवश्यक रहेको अपानिमा उल्लेख छ।

महिला नेतृत्वलाई पनि प्राथमिकतामा राख्दै युवा तथा महिलालाई केवल प्रतिनिधित्वका लागि नभई जिम्मेवारीसहित नेतृत्व विकासको अवसर दिनुपर्ने एमालेको धारणा छ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई अध्यक्षपछिको वरीयतासहित वरिष्ठ नेता बनाउने निर्णय गरेको एमालेले स्थानीय तहदेखि केन्द्रीय नेतृत्वसम्म नेतृत्व विकासको योजना आवश्यक रहेको जनाएको छ।

अध्यक्ष ओलीले नेतृत्व हस्तान्तरण आवश्यक भए पनि त्यसका लागि विधि, तयारी र प्रक्रिया आवश्यक रहेको बताएका छन्। नेतृत्व कुनै व्यक्तिको निजी सम्पत्ति नभएको उल्लेख गर्दै उनले आफूले पनि आफूलाई स्थायी नठानेको बताएका छन्।

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# जथाभावी पार्किङ रोकौँ

दशैं, तिहार तथा छठजस्ता ठूला चाडपर्व नजिकिँदै गर्दा धनुषामा सवारी आवागमन सहज बनाउन जथाभावी पार्किङ नियन्त्रण अभियान सञ्चालन हुनु सकारात्मक पहल हो। चाडपर्वका समयमा बजार तथा मुख्य सडकमा मानिस र सवारीसाधनको चाप स्वाभाविक रूपमा बढ्छ। यस्तो अवस्थामा सडक किनारमै जथाभावी सवारीसाधन राखिँदा आवागमन अवरुद्ध हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढ्ने गर्छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले मुख्य सडक, बजार क्षेत्र र बढी सवारी चाप हुने स्थानमा अनुगमन गरी अव्यवस्थित रूपमा पार्किङ गरिएका सवारी हटाउने तथा चालकलाई सचेत गराउने काम थालेको छ। अभियानलाई चाडपर्वमा मात्र सीमित नराखी नियमित र प्रभावकारी बनाउन आवश्यक छ। किनकि सडक व्यवस्थापन ट्राफिक प्रहरीको मात्र जिम्मेवारी होइन, सवारी चालक, व्यवसायी, पैदलयात्री, स्थानीय तह र सर्वसाधारण सबैको साझा दायित्व हो ।

जथाभावी पार्किङ नियन्त्रणसँगै पर्याप्त र व्यवस्थित पार्किङस्थलको व्यवस्था पनि उत्तिकै आवश्यक छ। पार्किङको उचित विकल्प नदिई कारबाही मात्र गर्दा समस्या दीर्घकालीन रूपमा समाधान हुँदैन। स्थानीय तहले बजार तथा मुख्य सडकको अवस्था अध्ययन गरी आवश्यक स्थानमा व्यवस्थित पार्किङस्थल निर्माण तथा सञ्चालन गर्नुपर्छ।

त्यसैगरी, सडक अतिक्रमण, फुटपाथमा पसल सञ्चालन, निर्माण सामग्री राख्ने तथा सडक क्षेत्रलाई निजी प्रयोजनमा प्रयोग गर्ने प्रवृत्तिमाथि पनि प्रभावकारी निगरानी आवश्यक छ। चाडपर्वका बेला अस्थायी रूपमा थपिने भीड व्यवस्थापनका लागि ट्राफिक प्रहरीसँगै स्थानीय प्रशासन र स्थानीय तहबीच समन्वय हुनुपर्छ।

सडक सबैको साझा सम्पत्ति हो। त्यसैले सुरक्षित र सहज यातायातका लागि नियम पालना गर्नु नागरिकको दायित्व हो भने व्यवस्थित पूर्वाधार उपलब्ध गराउनु राज्यको जिम्मेवारी। 'सडक सुरक्षित बनाऔँ, अनुशासित यात्रा गरौँ' भन्ने अभियानलाई व्यवहारमै उतार्न सके चाडपर्वका बेला हुने जाम र दुर्घटनाको जोखिम घटाउन सकिन्छ। अभियानलाई प्रभावकारी बनाउँदै धनुषाका सडकलाई वर्षैभरि व्यवस्थित बनाउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# क्षेत्रीय शक्तिको छायामा राष्ट्रसंघ

डा.कल्याण रोका

विश्व व्यवस्था कहिल्यै स्थिर रहँदैन। शक्ति र अर्थतन्त्रको केन्द्र बदलिन्छ। उत्पादन र उपभोगका क्षेत्र बदलिन्छन्। नयाँ राष्ट्रहरू शक्तिका रूपमा उदाउँछन्। पुराना शक्तिहरूको प्रभाव बदलिन्छ। त्यससँगै अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका पनि परिवर्तन हुन्छ। आज विश्व त्यही परिवर्तनको एउटा महत्त्वपूर्ण चरणमा छ।

दोस्रो विश्वयुद्धपछि निर्माण भएको अन्तर्राष्ट्रिय अर्थराजनीतिक व्यवस्था अहिले सङ्क्रमणबाट गुज्रिरहेको छ। सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घ स्थापना हुँदा विश्व शक्ति केही प्रमुख राष्ट्रको वरिपरि केन्द्रित थियो। आज शक्ति धेरै केन्द्रमा फैलिएको छ। चीनको आर्थिक र प्राविधिक शक्ति बढेको छ। भारतको आर्थिक तथा रणनीतिक महत्त्व विस्तार भएको छ। रुसले विश्वमै महत्त्वपूर्ण सैन्य र ऊर्जा शक्तिको पहिचान बनाएको छ। पश्चिम एसियाका देशहरूको आर्थिक तथा भूराजनीतिक भूमिका बढेको छ। एसिया विश्व अर्थतन्त्रको प्रमुख केन्द्र बन्दै गइरहेको छ।

यसरी हेर्दा आजको विश्व सन् १९४५ (अर्थात् संयुक्त राष्ट्रसङ्घको स्थापना समयको विश्व) भन्दा धेरै फरक छ। तर एउटा प्रश्न भने अझै उस्तै छ- बदलिएको विश्व शक्ति सन्तुलनलाई संयुक्त राष्ट्रसङ्घको संस्थागत संरचनाले कति प्रतिनिधित्व गर्छ ? यही प्रश्नले आज संयुक्त राष्ट्रसङ्घको गरिमा, प्रभाव र यसको भविष्यबारे नयाँ बहस जन्माएको छ।

### *युद्धबाट जन्मिएको संस्था*

संयुक्त राष्ट्रसङ्घको जन्मलाई दोस्रो विश्वयुद्धको विनाशबाट अलग गरेर बुझेर मात्र हुँदैन। यसको इतिहासलाई दोस्रो विश्वयुद्धबाट मात्र सुरु गरेर पनि हुँदैन। पहिलो विश्वयुद्धपछि स्थायी शान्ति कायम गर्ने उद्देश्यले स्थापित लिग अफ नेसन्सको असफलतालाई पनि आजको संयुक्त राष्ट्रसङ्घको स्थापनासँग जोडेर हेरिनुपर्दछ। प्रमुख शक्तिहरूबीचको प्रतिस्पर्धा, आक्रामक राष्ट्रवाद, आर्थिक सङ्कट र सामूहिक सुरक्षा व्यवस्थाको कमजोरीले राष्ट्रसङ्घलाई प्रभावहीन बनाएको र दोस्रो विश्वयुद्ध रोक्न लिग अफ नेसन्स असफल भएको तथ्यलाई पनि आजको संयुक्त राष्ट्रसङ्घको स्थापना र भूमिकासँग तुलना गरिनुपर्दछ।

सन् १९२९ को महामन्दीले विश्व पुँजीवादी अर्थव्यवस्थाका गम्भीर अन्तर्विरोध बाहिर ल्यायो। विश्वमा बेरोजगारी र गरिबी बढ्यो। आर्थिक राष्ट्रवाद र संरक्षणवाद जन्मियो र फैलियो। फासीवादको उदय भयो। साम्राज्यवादी प्रतिस्पर्धा अझ तीव्र बन्यो। त्यसै समयमा समाजवादी सोभियत सङ्घ विश्व शक्तिका रूपमा उदाउँदै थियो। श्रमिक आन्दोलन विस्तार भइरहेको थियो। एसिया र अफ्रिकामा उपनिवेशवादविरोधी सङ्घर्ष तीव्र हुँदै थियो।

यसरी हेर्दा दोस्रो विश्वयुद्ध दुई सैन्य पक्षबीचको सङ्घर्ष मात्र थिएन; यो पुरानो विश्व व्यवस्थाले निम्त्याएको गहिरो सङ्कट पनि थियो। यही ऐतिहासिक सङ्क्रमणमा दोस्रो विश्वयुद्ध सुरु भयो र त्यसको अन्त्य पनि। त्यसपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घ स्थापना भयो। युद्ध रोक्नु, अन्तर्राष्ट्रिय शान्ति कायम गर्नु, राष्ट्रहरूबीच सहकार्यको आधार निर्माण गर्नु नै यसको उद्देश्य थियो। तर यसको राजनीतिक अर्थ यतिमै सीमित थिएन। युद्धपछि निर्माण हुँदै गरेको नयाँ शक्ति सम्बन्धलाई संस्थागत ढाँचाभित्र व्यवस्थापन गर्नु पनि यसको महत्त्वपूर्ण ऐतिहासिक भूमिका थियो।

### *शक्तिको असमानताले जन्माएको अन्तर्विरोध*

संयुक्त राष्ट्रसङ्घले सबै राष्ट्रको सार्वभौमिक समानताको सिद्धान्त स्वीकार गर्‍यो। महासभामा प्रत्येक सदस्य राष्ट्रलाई एक मत दिन सक्ने कानुनी आधार बनाइयो। तर सुरक्षा परिषद्को संरचना भने फरक थियो। पाँच स्थायी सदस्यलाई भिटो अधिकार दिइयो। यसरी एउटै संस्थाभित्र दुई तहका शक्तिहरू एकसाथ खडा गरिए। कानुनी रूपमा राष्ट्रहरू समान, तर राजनीतिक निर्णय गर्ने शक्ति भने असमान ! यही अन्तर्विरोध आज पनि संयुक्त राष्ट्रसङ्घलाई बुझ्ने महत्त्वपूर्ण आधार हो।

अन्तर्राष्ट्रिय संस्था कुनै आवश्यकताविना त्यत्तिकै जन्मिँदैन। त्यसको स्वरूप त्यतिबेलाको आर्थिक, राजनीतिक र सैन्य शक्ति सम्बन्धसँग जोडिएको हुन्छ। पुँजी कहाँ केन्द्रित छ ? उत्पादन कहाँ हुन्छ ? विश्व व्यापारमा कसको प्रभाव छ ? प्रविधि र वित्तमाथि कसको नियन्त्रण छ ? अन्तर्राष्ट्रिय नियम बनाउने क्षमता कसको हातमा छ ? यी प्रश्नहरू अन्तर्राष्ट्रिय संस्थाको शक्ति बुझ्न महत्त्वपूर्ण हुन्छन्।

यो दृष्टिकोणले संयुक्त राष्ट्रसङ्घलाई हेर्ने हो भने यो पूर्णतः तटस्थ संस्था होइन। तर यसलाई पुँजीवादको रक्षा गर्न बनाइएको संस्था भन्नु पनि इतिहासप्रति अन्याय गर्नुसरह हुन्छ।

संयुक्त राष्ट्रसङ्घको इतिहासमा प्रभुत्वसँगै प्रतिरोध पनि छ। त्यो समयमा उपनिवेशवादको अन्त्य भयो। राष्ट्रिय आत्मनिर्णयको अधिकारले अन्तर्राष्ट्रिय मान्यता पायो। एसिया र अफ्रिकाका नयाँ राष्ट्रहरू संयुक्त राष्ट्रसङ्घमा आए। विकास, सामाजिक अधिकार र आर्थिक समानताका प्रश्न उठे। नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको मागसमेत अघि आयो। त्यो समयमा संयुक्त राष्ट्रसङ्घ शक्तिशाली राष्ट्रहरूको मञ्च मात्र रहेन; यो शक्तिशाली र कमजोर, विकसित र विकासशील, पुँजी र श्रम, पुरानो व्यवस्था र नयाँ आकाङ्क्षाबीचको अन्तर्राष्ट्रिय बहसको मैदान पनि बन्यो।

### *बदलिएको विश्व र बहुध्रुवीय विश्वको बहस*

संयुक्त राष्ट्रसङ्घ सन् १९४५ को विश्वको संस्थागत उत्पादन थियो। तर विश्व त्यही अवस्थामा रहेन। आज चीन विश्व अर्थतन्त्रको प्रमुख शक्ति बनेको छ। भारतको आर्थिक तथा रणनीतिक महत्त्व तीव्र रूपमा बढेको छ। रुस सैन्य र ऊर्जा शक्तिका रूपमा महत्त्वपूर्ण छ। खाडीका देशहरू ऊर्जा मात्र होइन; लगानी, वित्त र पूर्वाधारका केन्द्र बन्दै छन्।

विश्व उत्पादन र व्यापारको ठूलो हिस्सा एसियामा केन्द्रित हुँदै छ। ग्लोबल साउथका राष्ट्रहरू पुरानो शक्ति सम्बन्धलाई चुनौती दिने हैसियत बनाइरहेका छन्। यसलाई नै बहुध्रुवीय विश्वको उदय भनेर बुझ्न सकिन्छ। तर बहुध्रुवीय विश्वको एउटा आधारभूत प्रश्न छ- आर्थिक शक्ति बदलिँदा राजनीतिक संस्थागत शक्ति पनि त्यही गतिमा बदलिन्छ कि बदलिँदैन ? यही प्रश्नको उत्तर खोज्ने क्रममा आजको संयुक्त राष्ट्रसङ्घको सङ्कट देख्न सकिन्छ।

### *ब्रिक्स र अरू क्षेत्रीय सङ्गठनहरूको उदय*

संयुक्त राष्ट्रसङ्घको केन्द्रीयता बदलिन सक्छ। आज विश्व स्वयं बदलिँदै छ। अब प्रश्न- संयुक्त राष्ट्रसङ्घले विश्वलाई बदल्छ कि बदलिँदो विश्वले संयुक्त राष्ट्रसङ्घलाई बदल्न बाध्य पार्छ ? भन्ने हो। यही उत्तरले आगामी विश्व व्यवस्थाको अर्थराजनीति मार्गचित्र निर्धारण गर्नेछ

यही परिवर्तनको एउटा महत्त्वपूर्ण अभिव्यक्ति ब्रिक्सको उदय हो। यसको उदयलाई सामान्य कूटनीतिक समूहको रूपमा मात्र हेर्न पनि मिल्दैन। ब्रिक्सले विश्व शासनमा उदीयमान शक्ति र विकासशील राष्ट्रहरूको बढ्दो दाबीलाई अभिव्यक्त गर्छ। विश्व वित्त, व्यापार, विकास, ऊर्जा, प्रविधि र अन्तर्राष्ट्रिय प्रतिनिधित्वमा ग्लोबल साउथको भूमिका बढाउनुपर्ने बहस यसको उद्देश्य हो।

यसको पछाडि एउटा महत्त्वपूर्ण भौतिक परिवर्तन छ। आज विश्व अर्थतन्त्रको शक्ति बदलिँदै छ; त्यसअनुसार विश्व संस्थाहरूको निर्णय शक्ति बदलिएको छैन। यही खाडलले नयाँ समूह र संस्थाहरूको खोजीलाई जन्म दिन्छ। ब्रिक्स यसै प्रक्रियाको एउटा महत्त्वपूर्ण राजनीतिक अभिव्यक्ति हो। यसको महत्त्व केवल सदस्य राष्ट्रको सङ्ख्या वा आर्थिक आकारमा छैन। यसको महत्त्व- के पुरानो विश्व संस्थागत संरचनाले नयाँ आर्थिक शक्तिलाई पर्याप्त राजनीतिक स्थान दिएको छ ? भन्ने प्रश्नमा केन्द्रित छ।

आज विश्व राजनीति संयुक्त राष्ट्रसङ्घबाट मात्र सञ्चालन हुँदैन। आज विकसित देशहरूको सङ्गठन जी-७ छ। युरोपमा युरोपेली सङ्घ छ। अफ्रिकामा अफ्रिकी सङ्घ छ। दक्षिणपूर्वी एसियामा आसियान छ। पश्चिम एसियामा खाडी सहयोग परिषद् छ। युरेसियामा साङ्घाई सहयोग सङ्गठन छ। ब्रिक्स विस्तार भइरहेको छ।

यी संस्थाहरूले संयुक्त राष्ट्रसङ्घलाई विस्थापित गर्ने कुरा गरिसकेका त छैनन्; तर तिनले आफ्नो क्षेत्रीय सुरक्षा, व्यापार, ऊर्जा, पूर्वाधार, लगानी, विकास र राजनीतिक हितमा क्षेत्रीय स्वामित्वको भावना विकास गरिरहेका छन्। यसले विश्व राजनीतिमा एउटा नयाँ प्रवृत्ति (संयुक्त राष्ट्रसङ्घ विश्वको साझा राजनीतिक छाता त हो, तर यसले पर्याप्त ओत दिन नसकेको तथ्य स्वीकृत भएको) देखाउँछ। त्यसैले राष्ट्रहरूले क्षेत्रीय र समूहगत छाताहरू पनि निर्माण गरिरहेका छन्।

तर यो संयुक्त राष्ट्रसङ्घको भूमिकालाई कमजोर बनाउने औजार भने होइन; यसको एकाधिकारपूर्ण केन्द्रीयताको क्षय हुन सक्ने सङ्केत भने अवश्य हो।

शक्तिशाली राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घलाई हेर्ने दृष्टिकोण र साना राष्ट्रहरूले हेर्ने दृष्टिकोणको प्रश्न भने अहिलेको सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो। संयुक्त राष्ट्रसङ्घको महासभा अझै विश्वका लगभग सबै राष्ट्रलाई एउटै मञ्चमा ल्याउने अद्वितीय संस्था हो। साना राष्ट्रका लागि यसको महत्त्व झन् ठूलो छ। तर शक्तिशाली राष्ट्रहरूका लागि परिस्थिति केही फरक छ। उनीहरूसँग द्विपक्षीय शक्ति छ। क्षेत्रीय गठबन्धन छन्। आर्थिक समूह छन्। सुरक्षा सङ्गठन छन्। वैकल्पिक वित्तीय संरचना छन्। आफ्ना रणनीतिक साझेदारी छन्। त्यसैले उनीहरूका लागि संयुक्त राष्ट्रसङ्घ अब विश्व राजनीति सञ्चालन गर्ने एक मात्र मञ्च होइन।

यो परिवर्तनलाई बुझ्न ८१औं महासभाको दृश्य उपयोगी हुन्छ। यसपटक चीनका राष्ट्रपति सी चिनफिङ, रुसका राष्ट्रपति भ्लादिमिर पुटिन, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र साउदी अरबका युवराज तथा प्रधानमन्त्री मोहम्मद बिन सलमान ८१औं महासभाको उच्चस्तरीय बैठकमा स्वयं उपस्थित भएनन्। त्यहाँ उनीहरूको देशको प्रतिनिधित्व त भयो, तर सरकार वा राष्ट्रप्रमुखको उपस्थिति भएन।

यस्ता घटनाले विश्वका प्रमुख शक्ति राष्ट्रहरूले आफ्नो अन्तर्राष्ट्रिय राजनीति राष्ट्रसङ्घमा केन्द्रित गर्न आवश्यक ठानिरहेका छन् कि छैनन् ? भन्ने प्रश्न निश्चित रूपमा उठाउँछ। यदि छैन भन्ने उत्तरतर्फ जाँदै छ भने त्यसले संयुक्त राष्ट्रसङ्घको गरिमाभन्दा पनि विश्व व्यवस्थाको स्वरूप परिवर्तन भएको सङ्केत गर्दछ।

### *नेपालको बहस र विश्वको ठूलो प्रश्न*

नेपालमा महासभाको समयमा सामाजिक सञ्जालमा प्रधानमन्त्रीले के बोले, के बोलेनन् ? भन्ने बहस हुनु स्वाभाविक हो। यो प्रश्न र बहस देशको राजनीतिलाई प्रभावित पार्ने बहस हुन सक्ला; तर हामी आजको संयुक्त राष्ट्रसङ्घ, त्यसको भूमिका, शक्ति राष्ट्रहरूले त्यसप्रति गरेको व्यवहार र बदलिँदो विश्व अर्थराजनीतिलाई बुझ्छौं नि ! त्यसपछि हाम्रा बीचमा भएको त्यो बहस फिका हुन सक्छ र त्यसले अन्तर्राष्ट्रिय स्तरमा त्यति स्थान पाउन सक्दैन।

त्यसैले नेपालको प्रश्नलाई आजको अर्थराजनीति परिवर्तनभित्र राखेर हेर्नुपर्छ। नेपालजस्तो सानो राष्ट्रका लागि संयुक्त राष्ट्रसङ्घ अझै अत्यन्त महत्त्वपूर्ण हुन्छ; किनकि त्यहाँ सार्वभौमिक समानताको सिद्धान्तले सानो देशलाई पनि ठूलो देशसँग एउटै मञ्चमा बोल्ने अधिकार दिन्छ।

तर आजको बहुध्रुवीय विश्वमा नेपालको कूटनीति संयुक्त राष्ट्रसङ्घमा मात्र सीमित रहनुहुँदैन। क्षेत्रीय संस्था, बहुपक्षीय समूह, आर्थिक साझेदारी र नयाँ शक्तिकेन्द्रहरूसँग पनि उत्तिकै महत्त्वपूर्ण सम्बन्ध स्थापित गर्नु नेपालको आजको आवश्यकता हो। नेपालका लागि प्रश्न कुनै एक शक्ति रोज्ने होइन; प्रश्न त बदलिँदो विश्वमा आफ्नो राष्ट्रिय हितलाई बहुपक्षीय रूपमा कसरी सुरक्षित गर्ने ? भन्ने हो।

*हामीले यहाँ प्रश्न गर्ने ठाउँ के हो भने- संयुक्त राष्ट्रसङ्घ कमजोर हुँदै छ कि विश्व नै बदलिँदै छ ?*

सायद यी दुवै प्रक्रिया एकअर्कासँग जोडिएको हुनाले यिनीहरूलाई अलगअलग किसिमले हेरिनुहुँदैन। आज विश्वको उत्पादन व्यवस्था बदलिएको छ। आर्थिक शक्ति बदलिएको छ। प्रविधिको शक्ति बदलिएको छ। व्यापारको भूगोल बदलिएको छ। नयाँ शक्तिकेन्द्रहरू उदाएका छन्। तर सन् १९४५ मा निर्माण गरिएको संस्थागत संरचना त्यही गतिमा परिवर्तन हुन सकेको छैन।

जहाँको त्यही रहेको संयुक्त राष्ट्रसङ्घ र बदलिएको विश्वका बीच रहेको खाडल नै आजको संयुक्त राष्ट्रसङ्घको सङ्कट हो। यो १९४५ को विश्व व्यवस्था र एक्काइसौं शताब्दीको बहुध्रुवीय विश्वबीचको अन्तर्विरोध हो। ब्रिक्सको उदय, क्षेत्रीय सङ्गठनहरूको बढ्दो स्वामित्व र शक्तिशाली राष्ट्रहरूको बदलिँदो कूटनीतिक व्यवहार यसै सङ्क्रमणका सङ्केत हुन्।

संयुक्त राष्ट्रसङ्घ बदलिएको विश्वसँगै बदलिन सक्छ कि सक्दैन ? यो आजको महत्त्वपूर्ण प्रश्न हो। यदि बदलिन सक्छ भने संयुक्त राष्ट्रसङ्घ फेरि पनि विश्वको साझा राजनीतिक छाता बन्न सक्छ। यदि सक्दैन भने विश्व राजनीति क्रमशः धेरै केन्द्र, धेरै संस्था र धेरै क्षेत्रीय स्वामित्वतर्फ जान्छ।

त्यस अवस्थामा संयुक्त राष्ट्रसङ्घको केन्द्रीयता बदलिन सक्छ। आज विश्व स्वयं बदलिँदै छ। अब प्रश्न- संयुक्त राष्ट्रसङ्घले विश्वलाई बदल्छ कि बदलिँदो विश्वले संयुक्त राष्ट्रसङ्घलाई बदल्न बाध्य पार्छ ? भन्ने हो। यही उत्तरले आगामी विश्व व्यवस्थाको अर्थराजनीति मार्गचित्र निर्धारण गर्नेछ। साभारः अनलाइनखबरडटकम

# कांग्रेसको केन्द्रीय समिति २९७ सदस्यीय बनाउनुको कारण यस्तो छ

कांग्रेसले १५ औं महाधिवेशनबाट पदाधिकारी सहित केन्द्रीय समितिको आकार बढाएको छ । जम्बो केन्द्रीय समिति बनाएको विषयमा आलोचना पनि भइरहेको छ । तर सभापति गगन थापाले केन्द्रीय समितिको आकार बढाउने कारणबारे आफ्नै तर्क पेश गर्दै यसले पार्टीलाई एकताबद्ध बनाउने उल्लेख गरेकाछन् । महाधिवेशनका लागि मनोनयनको प्रक्रिया चलिरहेका बेला लिलु डुम्रेसँगको कुराकानीमा उनले पार्टी विधानका विषयमा कुरा गरेका छन् । *उक्त कुराकानीको सम्पादित अंश :*

*राजनीतिक दलहरूमा संरचनाहरू भद्दा भए, समितिहरू धेरै ठूला भए र संख्या बढी भयो भन्ने कुरा निरन्तर उठ्दै आएको छ। तर, नेपाली कांग्रेसले फेरि विधान संशोधन गरेर पहिले २३१ रहेको केन्द्रीय समितिको संख्या बढाएर २९७ पुऱ्याउनुभयो। किन संख्या बढाएको हो ?*

एउटा कुरा के छ भने, नेपाली कांग्रेसको साबिकको विधान अनुसार केन्द्रीय समितिको निश्चित संख्या २३१ निर्धारण गरिएको थियो। तर, यस पटक हामीले के महसुस गऱ्यौँ भने, विधानमा युवाहरूका लागि विशेष व्यवस्था नगर्ने हो भने पार्टीको विद्यमान संरचना, प्रतिनिधि छनोटको प्रक्रिया र सदस्यताको बनावटका कारण उहाँहरू निर्वाचित भएर आउन सहज हुने स्थिति रहेन। त्यसैले, हामीले महाधिवेशनमै युवाहरूका लागि एउटा छुट्टै क्लस्टर बनायौँ र माथि (केन्द्रीय समितिमा) २१ जनाको संख्या थप गऱ्यौँ।

त्यस्तै गरी, हामीले अर्को के पनि चाहेका हौँ भने– अहिले ठूलो संख्यामा नेपालीहरू वैदेशिक रोजगारी वा अन्य सिलसिलामा बाहिर हुनुहुन्छ। अब विदेशमा पनि हाम्रो संगठनको संरचना त छ, तर केन्द्रीय समितिमा कहिल्यै उहाँहरूको प्रतिनिधित्व हुँदैनथ्यो।

त्यसैले ती ठाउँहरूमा संगठनको उपस्थिति जनाउन र उहाँहरूको पनि केन्द्रीय समितिमा प्रतिनिधित्व गराउनका लागि हामीले संख्या थप्यौँ।

त्यसपछि हामीले अर्को के चाह्यौँ भने– पेशागत विज्ञहरू (प्रोफेसनलहरू) र खासगरी विभिन्न पेशामा क्रियाशील साथीहरूलाई समेटेनौँ भने उहाँहरू पार्टीको केन्द्रीय समितिमा प्रवेश नै नपाउने स्थिति भयो। त्यसैगरी श्रमिकहरूको पनि प्रवेश नहुने देखियो। यसैले हामीले यी फरक-फरक क्लस्टरहरू बनायौँ।

यी नयाँ क्लस्टर नबनाउँदा कस्तो स्थिति थियो भने– हामीले समुदायगत रूपमा त पार्टीलाई समावेशी बनायौँ, विभिन्न जातीय समुदायको उपस्थिति कांग्रेसको केन्द्रीय समितिमा देखिन्छ।

तर, हामी सबै एउटै प्रकृतिका मान्छेहरू मात्रै त्यहाँ आइपुग्थ्यौँ। अर्थात्, लामो समयदेखि पार्टीमै निरन्तर काम गरिरहेका साथीहरू नै जुनसुकै क्लस्टर ( जनजाति, दलित आदि) बाट आए पनि उही मान्छेहरू मात्रै माथि आउने स्थिति बन्यो।

युवाहरूको पनि उपस्थिति नहुने, पेशागत क्षेत्रका साथीहरूको पनि नहुने, विदेशमा रहेका साथीहरू र श्रमिकहरूको पनि उपस्थिति नहुने भएपछि हामीले यी नयाँ क्लस्टरहरू सिर्जना गरेका हौँ।

यसले गर्दा हाम्रो केन्द्रीय समितिको आकार स्वतः बढ्यो। केन्द्रीय समितिको आकार बढ्नेबित्तिकै हिजोको केन्द्रीय समितिको बैठकमा मैले लगेको प्रस्तावमा केही साथीहरूले गम्भीरतापूर्वक के कुरा उठाउनुभयो भने अब आकार बढ्नेबित्तिकै हामीले पहिले जुन अनुपात (दलित, जनजाति, मधेसी आदि सबैको) मिलाएका थियौँ, त्यसलाई पनि ध्यान दिनुपर्छ। किनभने अहिले मैले भनेका यी नयाँ क्लस्टरहरू त सबै खुला प्रकृतिका हुन्।

युवा वा अन्य नयाँ क्लस्टर भनेका त सबैका लागि खुला हुन्। यसमा कुनै खास समुदायका लागि मात्रै भनेर छुट्ट्याइएको छैन। तर यी खुला पदहरू थप्दै जाँदा, पहिला विभिन्न समुदायले पाइरहेको समावेशी प्रतिशतको अनुपात भने एकैपटक ह्वात्तै घट्न पुग्यो।

जस्तै– दलित समुदायको जनसंख्या अनुसार नेपाली कांग्रेसको केन्द्रीय समितिभित्र जुन अनुपातमा प्रतिनिधित्व हुनुपर्ने हो, त्यो त्यसै त पुगिरहेको थिएन (यसलाई त झन् बढाउँदै लैजानु पर्ने थियो)। त्यसमाथि यता खुला पदहरू थपेपछि त उहाँहरूको प्रतिशत झन् सानो भयो।

मुस्लिम, मधेसी लगायत सबै समुदायको समानुपातिक हिस्सा खुम्चिन पुग्यो। त्यसैले ती सबै समुदायको प्रतिनिधित्वलाई थोरै भए पनि सन्तुलनमा ल्याउने कोसिस गर्दा केन्द्रीय समितिको आकार अलिकति ठूलो हुन गएको हो– एउटा कारण यो भयो।

दोस्रो कारण चाहिँ पदाधिकारीको संख्याका सन्दर्भमा हो। यसलाई कसरी पनि हेरिनुपर्छ भने– नेपाली कांग्रेस एउटा विशिष्ट अवस्थाबाट विशेष महाधिवेशन गरेर आएको हो। त्यसपछि सिंगो पार्टीलाई एकताबद्ध बनाउन मैले लगातार प्रयत्न गरिरहेको छु। अहिले हामी विशेष महाधिवेशनबाट सर्वसम्मत एवं निर्विरोध निर्वाचित भएर आएका सभापति लगायतका मुख्य पदाधिकारीहरू केन्द्रीय समितिमा छौँ।

तर हिजो पार्टीमा नरहनुभएका साथीहरू केन्द्रीय समितिमा आएर जोडिए पनि पदाधिकारीमा त कोही पनि हुनुहुन्न।

पदाधिकारीको संख्या जस्ताको तस्तै राख्दा मलाई के लागिरहेको थियो भने– म पार्टीभित्र 'विशेष महाधिवेशन पक्षधर' र 'विशेष महाधिवेशनअघि वा पछि' भन्ने खालको विभाजन सदाका लागि मेटाउन चाहन्छु।

तर, विशेष महाधिवेशनमा सहभागी भएका अधिकांश साथीहरू पहिले नै पदाधिकारी भइसक्नुभएको छ र थोरै समय मात्र काम गर्न पाएकाले उहाँहरूमा फेरि दोहोरिने चाहना छ। यस्तो अवस्थामा पदाधिकारीको संख्या नबढाउँदा पार्टीभित्रको त्यो विभाजन मेटिँदैन कि भन्ने चिन्ता थियो।

अहिले कम्तीमा त्यसलाई अलिकति खुकुलो बनाएपछि सबैका लागि ठाउँ बन्यो– जो प्रतिस्पर्धा गरेर आए पनि भयो।

किनकि यसपालि मैले कुनै प्यानल वा टिम बनाउँदिनँ, प्रतिस्पर्धा सबैका लागि बराबर खुला छ। यदि पदाधिकारीको संख्या नबढाएको भए अहिले कमिटीमा रहेका साथीहरूको स्वतः एउटा टिम बनेजस्तो स्थिति हुन्थ्यो।

सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री भन्दै गर्दा यदि संख्या नबढाएको भए अहिले कमिटीमा भएकाहरूको एउटा र कमिटीमा नभएकाहरूको अर्को टिम बनेजस्तो हुन्थ्यो।

अब यसलाई अलिकति खुकुलो बनाएपछि सबैका लागि अवसर र ठाउँ बन्यो। एउटा त मैले त्यो दृष्टिकोणबाट हेरेको हो।

अर्को चाहिँ, नेपाली कांग्रेसका पदाधिकारीहरूको संख्या अलिकति बढाउँदा नेतृत्व विकासका सन्दर्भमा पनि सहयोग पुग्छ कि भन्ने हाम्रो आशा हो। जस्तै– हामी महिलाको सहभागिता व्यापक रूपमा बढाउन चाहिरहेका छौँ।

लामो समयदेखि नेपाली कांग्रेसभित्र के भइदियो भने, हामीले सहमहामन्त्रीमा महिलाका लागि क्लस्टर छुट्ट्यायौँ, उहाँहरू त्यहाँ आउनु पनि भयो। तर, सहमहामन्त्रीभन्दा माथि (उपसभापति वा महामन्त्रीमा) जाने ढोका भने ठ्याक्कै बन्दजस्तै भयो।

त्यसैले अहिले उपसभापति र महामन्त्री पदमा पनि महिलाका लागि स्थान सुनिश्चित गरिसकेपछि, अब कुनै दिन नेपाली कांग्रेसको सभापति महिला बन्न सक्ने बाटो खुल्यो। किनभने, उहाँहरूका लागि माथिल्लो तहको प्रतिस्पर्धामा आउने ढोका उघ्रियो।

त्यस्तै गरी, अहिले समावेशी उपसभापति बनाउने व्यवस्थाले पनि के गऱ्यो भने– अब दलित, जनजाति, मधेसी लगायत विभिन्न समुदायका साथीहरूका लागि (खुलातर्फ त छँदै छ) समावेशी तर्फबाट पनि त्यो माथिल्लो तहसम्म नेतृत्वमा पुग्ने बाटो खुल्यो। यसले भोलिका निम्ति सबै समुदायबाट माथिल्लो नेतृत्वमा आउने आधार तयार पार्छ।

जस्तै– अहिले भीष्मराज आङ्देम्बे नेपाली कांग्रेस संसदीय दलको उपनेता हुनुहुन्छ। उहाँ कुनै पनि बेला नेपाली कांग्रेस पार्टीको सिंगो नेतृत्व गर्न सक्ने योग्य व्यक्ति हुनुहुन्छ र त्यसरी नै स्थापित भएर आउनुभयो। त्यसैले भोलिका लागि पनि यसले नेतृत्वको नयाँ दायरा फराकिलो बनाउँछ।

*वरिष्ठ उपसभापतिको अवधारणा ल्याइयो, नयाँ-नयाँ पद सिर्जना गरियो नि? पहिले त यस्तो परम्परा थिएन, अहिले वरिष्ठ उपसभापति किन सिर्जना गरियो?*



वरिष्ठ उपसभापतिको काम, कर्तव्य र अधिकारमा हामीले के राखेका छौँ– यो कुरा म अर्को विषयसँग जोडेर स्पष्ट पार्छु।

अहिले पदहरू धेरै सिर्जना गरियो भन्ने कुरा उठेको छ। तर, यससँगै अर्को एउटा महत्वपूर्ण पक्षमा मानिसहरूको ध्यान नगएको देखिन्छ। त्यो के हो भने– यस पटक विधानमै केही प्रमुख पदहरूका लागि प्रत्यक्ष रूपमा निश्चित जिम्मेवारी तोकिएको छ।

उदाहरणका लागि, पहिले हामी दुई जना महामन्त्री थियौँ, तर महामन्त्रीको काम 'केन्द्रीय कार्यालयको रेखदेख गर्ने' भनेर दुवैका लागि एउटै सामान्य भूमिका मात्रै थियो। यस पटक भने विधानमै प्रस्ट पारिएको छ– एउटा महामन्त्रीले कार्यालय हेर्छ, अर्को महामन्त्रीले संगठन हेर्छ र अर्को महामन्त्रीले त्योबाहेकका अन्य विषयहरू हेर्छ। यसरी सभापतिले तोक्ने गरी महामन्त्रीहरूलाई फरक-फरक जिम्मेवारी विधानमै तोकिएको छ।

त्यसैगरी, धेरै जना उपसभापतिहरू हुँदै गर्दा विधानले उहाँहरूको पनि स्पष्ट कार्यविभाजनको बारेमा बोलेको छ।

यसमा हाम्रो सोच के हो भने– पार्टी सभापतिले समग्रमा पार्टीका अन्य बाह्य तथा राजनीतिक मामिलाहरू हेर्नुहुनेछ। किनभने, अहिले नेपाली कांग्रेसको सभापतिको एकदमै धेरै समय पार्टीका आन्तरिक कामहरू व्यवस्थापन गर्नसमै बित्ने गरेको छ।

पार्टीभित्रकै आन्तरिक व्यवस्थापनमा मात्रै समय जाने भयो। यत्रो ठूलो पार्टी छ, आन्तरिक विवाद हुन्छन्, कार्यक्रमहरू हुन्छन् र पार्टीका दैनिक कार्यसूची एवं व्यस्तताहरू हुन्छन्। अब यी सबै कामको भार कसले बोक्ने र यसलाई कसरी अगाडि बढाउने? भन्ने सन्दर्भमा– उपसभापतिहरूलाई पार्टीको निश्चित जिम्मेवारी दिइयो।

एक प्रकारले भन्ने हो भने, वरिष्ठ उपसभापति भनेको सह-सभापति जस्तै हो। उहाँले खासगरी पार्टीका जति पनि आन्तरिक मामिलाहरू छन्– जस्तै संगठनसँग सम्बन्धित कामहरू र कार्यालयसँग सम्बन्धित कामहरू, ती सबै वरिष्ठ उपसभापतिले हेर्ने व्यवस्था गरियो।

संगठनको दैनिक काम र कार्यालयका नियमित कामहरू महामन्त्रीहरूले हेर्छन्, तर पार्टीभित्रको समग्र आन्तरिक मामिला भने वरिष्ठ उपसभापतिले सम्हाल्नु हुन्छ । यसो गर्दा पार्टी सभापति आन्तरिक झन्झटबाट मुक्त हुनुहुन्छ। त्यसपछि सभापतिले पार्टीलाई जनतासँग कसरी जोड्ने र राष्ट्रिय राजनीति वा राष्ट्रिय मामिलामा पार्टीको भूमिका के हुने भन्नेजस्ता गम्भीर विषयमा सोच्न र ध्यान केन्द्रित गर्न पाउनुहुन्छ । जुन कुरा नेपाली कांग्रेसका सभापतिले वास्तवमा सोच्नुपर्ने हो। यही सोचका साथ वरिष्ठ उपसभापतिको व्यवस्था गरिएको हो।

*अघिल्लो पटक विधानको व्यवस्थामा सहमहामन्त्रीहरूलाई काम गर्ने अधिकारको व्यवस्था थिएन। उहाँहरूको कार्यकाल त्यसै सकियो। अहिले त १५ जना सहमहामन्त्री हुनुहुन्छ। उहाँहरूको जिम्मेवारी कस्तो हुन्छ? यत्रो संख्या त बढाइयो, तर फेरि जिम्मेवारीविहीन भएर बसिरहनुपर्ने हो कि भन्ने प्रश्न पनि उठेको छ नि?*

यसपालि त्यस्तो हुँदैन। पहिलेको विधानमा पनि सभापतिजीले नै कार्यविभाजन गर्न पाउने अधिकार त थियो, तर नगरिदिँदा समस्या भएको हो। यसपालि त विधानमै हामीले के व्यवस्था गरेका छौँ भने– सहमहामन्त्रीको मात्र होइन, निर्वाचित भएर आउने प्रत्येक केन्द्रीय सदस्यलाई पनि सभापतिले अनिवार्य रूपमा तोकिएको टीओआर अनुसार जिम्मेवारी दिनुपर्छ ।

उदाहरणका लागि– यदि ३५ वर्षमुनिका २१ जना युवाहरू केन्द्रीय समितिमा आएका छन् भने, ती २१ जना युवाले सिङ्गो नेपाली कांग्रेसको केन्द्रीय सदस्य हुनुको ओभरअल भूमिका त निर्वाह गर्छन् नै ।

सभापति वा केन्द्रीय समितिले मलाई तोकेको विशेष जिम्मेवारी यो हो भनेर काम गर्नुपर्छ। उसलाई तोकिएको जिम्मेवारी अनुसार उसले आफ्नो कार्यसम्पादनको विवरण वा प्रतिवेदन बुझाउनैपर्ने गरी विधानमा व्यवस्था गरिएको छ।

यसको मूल सोच नै के हो भने– कार्यविभाजन व्यापक रूपमा गर्ने र सबैले आ-आफ्नो तोकिएको क्षेत्रमा केन्द्रित भएर काम गर्नुपर्ने बनाउने।

अर्को उदाहरण– महिला क्लस्टरबाट निर्वाचित भएर आउनुभएका साथीहरूमध्ये कसैले म खास गरी पेसागत/व्यावसायिक क्षेत्रमा कार्यरत महिलाहरूका मुद्दामा काम गर्छु भन्नुभयो भने, उहाँलाई पार्टीको तर्फबाट त्यही पेसागत महिला मामिला हेर्ने जिम्मेवारी दिइन्छ।

त्यसैले हामीले एउटा नयाँ अवधारणा के ल्याएका छौँ भने– केन्द्रीय सदस्य र सहमहामन्त्रीहरूलाई तीनवटा कुरामध्ये एउटाको जिम्मा अनिवार्य दिइनेछ । संगठनको कुनै निश्चित तह जिम्मा दिने, पार्टीको कुनै निकाय वा विभाग जिम्मा दिने, वा कुनै निश्चित विषय वा मामिलाको जिम्मा दिने।

कसैले कुनै प्रदेश हेर्ने जिम्मा पाउनुहोला, कसैले कुनै पालिका हेर्ने जिम्मा पाउनुहोला, वा कसैले कुनै निश्चित मामिला हेर्ने जिम्मा पाउनुहोला। तर, कुनै न कुनै जिम्मेवारी नदिईकन कसैलाई पनि त्यसै राखिने छैन।

*संसोधित विधान यही महाधिवेशनबाट कार्यान्वयनमा जाँदै छ। उम्मेदवारी दर्ताको यो भिड र माहोल देख्दा यो त थेग्नै नसक्ने गरी भयो भन्ने लागेको त तपाईंलाई पनि थियो होला नि?*

त्यस्तो होइन, उम्मेदवारी त योभन्दा पहिला पनि यस्तै नै हुन्थ्यो। तर, पहिले के हुन्थ्यो भने– दुईवटा गुट बनेर चुनाव लडिन्थ्यो। त्यसैले गुटभित्र पर्ने मान्छे मात्रै उम्मेदवार बन्थ्यो, अर्थात् गुटले उम्मेदवार नियन्त्रण गर्थ्यो।

जो मान्छे गुटभित्र पर्‍यो, त्यो उम्मेदवार बन्ने भयो; जो गुटमा परेन, उसले जित्ने सम्भावना शून्यबराबर हुन्थ्यो। त्यो अवस्था भएपछि मान्छे उम्मेदवार नै बन्दैनथ्यो।

पहिले गुटले नियन्त्रण गर्थ्यो। यसपालि हामीले के गऱ्यौँ भने– महाधिवेशनमा पर्चा/लिस्ट बाँडेर 'कसलाई जिताउने, कसलाई हराउने' भन्ने खेल नगर्ने भन्यौँ। त्यसको सकारात्मक पाटो त देखियो, तर त्यसले अर्को चुनौती पनि लिएर आयो– अब कसैका लागि पनि कतै 'गेटकिपिङ' (रोकतोक) रहेन।

त्यसैले, क्षमता भएका र उम्मेदवार बन्न चाहने जो-कोही पनि उम्मेदवार हुन पाउने स्थिति बन्यो। यसले ल्याएको प्रमुख चुनौती यही हो । यसमा मैले दुईवटा मुख्य विषयमा जोड दिइरहेको छु। पार्टीलाई अगाडि बढाउने क्रममा मैलेभित्र गर्न खोजेका २-३ वटा प्रमुख सुधारहरू छन:

***पहिलो सुधार–*** आगामी महाधिवेशनसम्म पुग्दा नेपाली कांग्रेसको केन्द्रीय सभापति र केन्द्रीय समिति चयन गर्ने अहिलेको परिपाटीलाई हामीले पूर्ण रूपमा अन्त्य गर्नुपर्छ। किनभने, त्यतिबेलासम्म हामी पार्टीलाई डिजिटाइज गरिसक्छौँ ।

हामीसँग प्रविधिको बलियो सिस्टम बनिसकेको हुन्छ। त्यसपछि बीचमा महाधिवेशन प्रतिनिधिको तह सिर्जना गरेर, ती प्रतिनिधिहरू काठमाडौँमा भेला भएर नेतृत्व छान्ने होइन; बरु देशभरिका आम कांग्रेस सदस्यहरूले नै सिधै भोट हालेर कांग्रेसको नेतृत्व छान्ने परिपाटी बनाउने हो। हामी त्यतैतर्फ अगाडि बढ्दै छौँ।

***दोस्रो सुधार–*** सकेसम्म 'एक व्यक्ति, एक कार्यकारिणी जिम्मेवारी'को नीति लागू गर्ने। अर्थात्, एउटै व्यक्तिले दुईवटा कार्यकारिणी जिम्मेवारी लिन पाउने छैन।

अहिले केन्द्रीय कार्यसमितिमा आउनुभएका साथीहरू भोलि मेयरको उम्मेदवार पनि बन्छु भन्न पाउनुहुन्न। त्यसैले मैले हिजो साथीहरूलाई प्रस्ट रूपमा भनेको छु– यदि तपाईंहरूमध्ये कसैको भोलि मेयरको टिकट लिने चाहना छ भने, अहिले केन्द्रीय कार्यसमितिमा नआउनुहोस्।

किनभने, हाम्रो नयाँ मापदण्ड अनुसार केन्द्रीय समितिमा आउने साथीहरू आफैँमा एउटा ठूलो कार्यकारिणी जिम्मेवारीमा हुनुहुन्छ। म उहाँहरूलाई निश्चित काम तोकेर जिम्मा दिन्छु, पहिलेको जस्तो जिम्मेवारीविहीन भएर बस्न पाइँदैन। अब केन्द्रीय समितिको त्यो गहन जिम्मेवारी र मेयरको पद दुवै एकैपटक सम्हाल्न सम्भव हुँदैन। त्यसैले दुवै ठाउँमा नआउनुहोस्।

त्यस्तै दोस्रो कुरा– यदि भोलि प्रदेश वा प्रतिनिधि सभाको प्रत्यक्ष चुनाव लड्न चाहनुहुन्छ भने पनि अहिले केन्द्रीय समितिमा नआउनुहोस्।

तेस्रो कुरा चाहिँ, अहिले हामीकहाँ केन्द्रीय महाधिवेशनमा प्रतिस्पर्धा गरेपछि– अब दशैँलगत्तै हामी प्रदेश र जिल्लाको अधिवेशन/चुनाव गर्छौं।

यदि कसैले यहाँ केन्द्रीय समितिमा प्रतिस्पर्धा गर्नुभएको छ भने उहाँले तल (प्रदेश वा जिल्ला) गएर चुनाव लड्न पाउनुहुन्न।

यहाँ चुनाव हारेपछि प्रदेश वा जिल्लामा गएर लड्न पाइँदैन। यहाँ उम्मेदवार हुनुभयो र हार्नुभयो भने तल्लो तहमा गएर प्रतिस्पर्धा गर्ने बाटो बन्द भयो। किनभने, हामीलाई तल्लो तहमा पनि त योग्य साथीहरू चाहिएको छ।

यहाँ कस्तो भइदिएको छ भने– अघिल्लो पटक साढे ७ लाखजति क्रियाशील सदस्य हुँदा करिब ४,५०० महाधिवेशन प्रतिनिधि हुनुहुन्थ्यो। अहिले ९ लाखभन्दा बढी क्रियाशील सदस्य हुँदा करिब ७,००० महाधिवेशन प्रतिनिधि हुनुहुन्छ। त्यसै अनुपातमा केन्द्रीय समिति पनि बढेर करिब ३०० जनाको बनेको हो।

यसको अर्थ, ती ७,००० महाधिवेशन प्रतिनिधिहरूबाट आउने त जम्मा ३०० जना मात्रै हो। तर, यहाँ प्रतिस्पर्धा गर्ने साथीहरूको संख्या भने १५०० सम्म पुग्दै छ। तीमध्ये नआउने (हार्ने) १२-१३ सय साथीहरू त एकदमै राजनीतिक आकांक्षा र योग्यता भएका व्यक्तिहरू हुनुहुन्छ। अब उहाँहरू यहाँ पनि नआउने, तल चुनाव लड्न पनि नपाउने, अनि भोलि जननिर्वाचित चुनाव लड्ने प्राथमिकतामा पनि नपर्दा त थुप्रै योग्य साथीहरू अवसरबाट वञ्चित हुने अवस्था आउँछ।

त्यसैले मैले साथीहरूलाई के अनुरोध र आग्रह गरिरहेको छु भने– यी सबै कुराहरूलाई राम्ररी विचार र ख्याल गरेर मात्र पार्टीको महाधिवेशनमा उम्मेदवारी दिनुहोला।

अर्को कुरा, अहिले पदाधिकारीहरू जुन उद्देश्यले सोचेर थपिएको छ बाहिर चर्चा गरिएजस्तो मैले कुनै निश्चित नेताको व्यवस्थापन गर्नका लागि यो पद संख्या बढाएको होइन।

पहिलो त, अघि मैले भनेझैँ पार्टीभित्र एकताको वातावरण बनोस् भनेर अवसरको दायरा थोरै खुला बनाइएको हो। दोस्रो, माथिल्लो नेतृत्व तहमा सबै क्षेत्र र वर्गका मानिसहरू पुग्न सकून् भन्ने हो।

तर, यसको अर्को पाटो पनि छ। नेपाली कांग्रेस पार्टीका लागि नभई नहुने थुप्रै योग्य नेताहरू पदाधिकारीमा चुनाव लड्दै हुनुहुन्छ भन्ने कुरा मैले मिडिया र सामाजिक सञ्जालमा देखिरहेको छु।

हाम्रो पार्टीमा नेकपा एमालेको जस्तो पदाधिकारीमा पनि लड्ने र त्यहाँ हारे केन्द्रीय सदस्यमा पनि रहने व्यवस्था छैन। यहाँ त पदाधिकारीमा लडेपछि कि जितिन्छ, कि हारिन्छ; सकियो।

तर, अहिलेको यो संकटको घडीमा कतिपय नेताहरू नेपाली कांग्रेसका लागि अझ बढी आवश्यक हुनुहुन्छ। उदाहरणका लागि, उपसभापति पदमा उम्मेदवारी दिने सन्दर्भमा मैले मिडियामा डाक्टर मिनेन्द्र रिजालको नाम पढेँ । मैले कुनै व्यक्तिगत टिप्पणी गर्न खोजेको होइन, तर भेटेर भन्न पाउने हो भने म उहाँलाई के भन्छु भने– नेपाली कांग्रेस पार्टीका लागि आजको दिनमा डा. मिनेन्द्र रिजालजस्तो बौद्धिक व्यक्तित्व र लामो समय काम गरेको परिपक्व नेता अत्यन्तै चाहिन्छ।

अर्को नेता मीन विश्वकर्मा लगायत कतिपय नेताहरूलाई संगठनमा सँगै काम गर्नका लागि अहिले पदाधिकारीमा नउठिदिनुस् भनी आग्रह गरेको छु ।

हाम्रो नयाँ पुस्ताको नेतृत्वका लागि त उहाँ झन् चाहिन्छ; किनभने हामीलाई अघिल्लो पुस्तासँग जोड्ने पुल पनि बनाउनु छ। तर, उहाँहरू सबैले पदाधिकारीमै प्रतिस्पर्धा गर्दै गर्दा भोलि त्यसले केही अप्ठ्याराहरू सिर्जना गर्न सक्छ। त्यसैले, कतिपय नेताहरूले यसरी पदाधिकारीमा प्रतिस्पर्धा नगर्दिए हुन्थ्यो भन्ने मेरो भित्री चाहना छ। किनभने, भोलिका दिनमा पार्टीलाई अगाडि बढाउन पदाधिकारी हुनु नै सबै कुरा त होइन नि!

उहाँहरूको आफ्नै छुट्टै महत्त्व छ। नेपाली कांग्रेसको केन्द्रीय समितिभित्र बस्दा नै उहाँहरूको हैसियत कतिपय पदाधिकारीको भन्दा बढी हुन्छ, किनकि त्यो त उहाँहरू आफैँले आर्जन गरेको पहिचान हो।

***उम्मेदवारी दर्ता गर्दा कतिपयले प्यानल त बन्छ नै बन्छ भन्दैछन् नि ?***

अब अरू कसैले प्यानल बनाउनुभयो भने त्यो उहाँहरूको कुरा भयो ( यद्यपि मलाई लाग्छ, कसैले पनि बनाउनुहुन्न)। तर, सभापतिको प्रत्याशीका रूपमा मेरो आफ्नोतर्फबाट कुनै प्यानल बन्दैन।

म सभापतिको उम्मेदवार हुँ, अरू साथीहरू पनि आउनुहोला, प्रतिस्पर्धा गर्नुहोला वा प्यानल बनाउनुहोला। तर, मेरो आफ्नो प्यानल बन्दैन। किनभने त्यहाँ आउनुभएका सम्पूर्ण साथीहरू मैसँग मिलेर काम गर्न चाहिरहनुभएको छ। यस्तो अवस्थामा मैले लाइक डिस्लाइकको आधारमा प्यानल बनाउने कुरै आउँदैन।

अघि मैले व्यक्तिगत रूपमा डाक्टर मिनेन्द्र रिजालको उदाहरण दिएँ, त्यसै गरी अरू कतिपय नेताहरूसँग पनि मैले भेटघाटमा भनेको छु– 'तपाईंहरू पदाधिकारीमा नलडिदिनुहोस्, किनकि पार्टीलाई तपाईंहरूको आवश्यकता छ, सबै जना चुनाव लड्नैपर्छ भन्ने छैन। त्यसैले मेरो तर्फबाट प्यानल बन्दैन, यो कुरामा म स्पष्ट छु।

*साभार : अनलाइनखबरडटकम*

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८३ असोज २१ गते बुधवार [07 Oct. 2026] | समाचार दैनिक

# उच्च शिक्षा सुधारका लागि नीतिगत र संरचनागत सुधार तीव्र : मन्त्री पोखरेल

## मधेसमा सय विश्वस्तरीय विद्यालय निर्माण वा रूपान्तरण गर्ने तयारी, विशिष्टीकृत विश्वविद्यालयमा जोड

दैनिक समाचारदाता
बारा, २० असोज । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले उच्च शिक्षा सुधारका लागि नीतिगत तथा संरचनागत सुधारको काम तीव्र रूपमा अघि बढिरहेको बताउनुभएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा सिमरामा सोमबार आयोजित उच्चस्तरीय संवाद कार्यक्रममा बोल्दै मन्त्री पोखरेलले नयाँ ऐन निर्माणसँगै राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनको काम पनि अघि बढाइएको जानकारी दिनुभयो।



मधेस प्रदेशको शैक्षिक अवस्थालाई लक्षित गर्दै उहाँले शिक्षा क्षेत्रको सुधारका लागि स्थानीय तहमा देखिएका वास्तविक समस्या र सरोकारवालाको सुझाव महत्वपूर्ण हुने बताउनुभयो। नयाँ ऐन निर्माण, पाठ्यक्रम प्रारूप परिमार्जन तथा विश्वविद्यालयसम्बन्धी ऐन निर्माणको काम अघि बढिरहेको उल्लेख गर्दै उहाँले संवादबाट प्राप्त सुझावलाई आगामी नीतिमा समेटिने प्रतिबद्धता जनाउनुभयो।

मन्त्री पोखरेलले काठमाडौँमा बसेर मात्र नीति निर्माण गर्दा स्थानीय आवश्यकता छुट्न सक्ने भएकाले जनप्रतिनिधि तथा सरोकारवालासँग प्रत्यक्ष संवाद गरी धरातलीय यथार्थ बुझ्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

विश्वविद्यालयको सञ्चालन, विस्तार र विशिष्टीकरणमा जोड दिँदै उहाँले धेरै विश्वविद्यालय खोल्दैमा उच्च शिक्षाको गुणस्तर सुधार नहुने बताउनुभयो। "धेरै विश्वविद्यालय खोलेर मात्रै हुँदैन, विशिष्टीकृत विश्वविद्यालय बनाउनेतर्फ ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो, "धेरै विश्वविद्यालय हुँदा पनि सबैले उही पुराना विषय पढाउने हो भने विश्वविद्यालय खुल्नुको अर्थ रहँदैन।"

उहाँले सम्बन्धन बाँड्ने र विद्यार्थीको सङ्ख्या मात्र बढाउने प्रवृत्तिले शैक्षिक नतिजा सुधार नहुने बताउँदै गुणस्तरीय, सीपमा आधारित र प्रविधिमैत्री शिक्षालाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो। विश्वविद्यालयहरूले विद्यार्थी आकर्षित गर्नुका साथै विदेशी विद्यार्थीलाई समेत आकर्षित गर्ने विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ थियो।

प्राविधिक शिक्षा र विद्यालय तहको रूपान्तरणबारे मन्त्री पोखरेलले प्रधानमन्त्रीको चाहनाअनुसार मधेसमा विश्वस्तरीय विद्यालयको अवधारणा अघि बढाइएको जानकारी दिनुभयो। भूगोल, जनसङ्ख्या तथा विद्यार्थी-शिक्षक अनुपातलाई आधार बनाएर मधेस प्रदेशमा माध्यमिक तहसम्मका कम्तीमा एक सय विद्यालय निर्माण वा रूपान्तरण गर्ने गरी काम भइरहेको उहाँले बताउनुभयो।

सिटिइभिटी तथा नर्सिङ शिक्षामा देखिएका समस्या र भ्रमबारे चर्चा गर्दै उहाँले नर्सिङ शिक्षा, कोटा तथा सम्बन्धनसम्बन्धी समस्यालाई नयाँ नेतृत्व र बन्ने नयाँ ऐनमार्फत समाधान गर्ने बताउनुभयो।

पाठ्यक्रम निर्माणमा स्थानीय आवश्यकता र परिवेशलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै उहाँले मुगु र बाराको शैक्षिक आवश्यकता एउटै हुन नसक्ने बताउनुभयो। स्थानीय बजार, संस्कृति, समाज र रोजगारीको आवश्यकतालाई सम्बोधन गर्ने गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने उहाँको भनाइ थियो।

# दशैंको टीकाको उत्तम साइत १० बजेर २६ मिनेटमा

दैनिक समाचारदाता
काठमाडौं २० असोज । यस वर्षको दशैंको टीकाको उत्तम साइत कात्तिक ४ गते बिहान १०:२६ बजे रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

विजया दशमीका दिन बिहान ८:४९ बजे देवी विसर्जनको साइत छ । टीका लगाउँदा लगाइमाग्ने पश्चिम दिशा फर्किनुपर्ने जनाइएको छ ।

असोज २५ गते आइतबार नवरात्रारम्भ तथा घटस्थापना हुनेछ । घटस्थापनाको शुभसाइत बिहान ११:४७ बजे रहेको छ । उक्त दिन चित्रा नक्षत्र र वैधृति योगसमेत परेकोले घटस्थापना गर्नुअघि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरी घटस्थापना गर्नु शास्त्रसम्मत देखिएको छ ।

असोज २६ गते सोमबार बिहान १०:०७ बजे झण्डा फेर्ने शुभसाइत रहेको छ । झण्डा पश्चिम मोहडा फर्काएर फेर्नुपर्ने जनाइएको छ ।असोज २९ गते बिहीबार श्रीपचलीभैरव यात्रा हुनेछ । असोज ३१ गते शनिबार फूलपाती परेको छ । सो दिन श्री तुलजाभवानी यात्राको शुभसाइत बिहान ७:३७ बजे र स्थिरासनको शुभसाइत बिहान १०:३९ बजे रहेको छ ।

कार्तिक १ गते आइतबार महाष्टमी तथा कालरात्रि मनाइनेछ भने कार्तिक ३ गते मंगलबार महानवमी परेको छ ।

कार्तिक ४ गते बुधबार विजया दशमी, देवी विसर्जन तथा टीका लगाउने दिन रहेको छ । देवी विसर्जनको शुभसाइत बिहान ८:४९ बजे रहेको छ ।

टीका लगाउने शुभसाइत बिहान १०:२६ बजे रहेको छ । टीका लगाउँदा पश्चिम मोहडा फर्किनुपर्ने र टीका लगाइमाग्ने व्यक्ति पनि पश्चिम फर्किनुपर्ने जनाइएको छ ।

सोही दिन श्री तुलजाभवानी यात्राको शुभसाइत बिहान १०:५१ बजे रहेको छ । स्थिरासनको शुभसाइत दिवा ११:५२ बजे तथा खड्गयात्रा पनि सोही दिन हुनेछ ।

कार्तिक ८ गते आइतबार अखिलबलिपूर्ति तथा कोजाग्रत पूजा हुनेछ।


## नगराईन बचत तथा ऋण सहकारी संस्था लि.

नगराईन नगरपालिका, नगराईन चौक, धनुषा

### वार्षिक साधारण सभा सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस संस्थाको सञ्चालक समितिको मिति २०८३/०६/१८ को बैठकको निर्णयानुसार यस संस्थाको ६औं वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय तथा स्थानमा तपसिल बमोजिमका प्रस्तावहरू माथि छलफल हुने हुँदा यस संस्थाका सम्पूर्ण शेयर सदस्यहरूलाई वार्षिक साधारण सभामा अनिवार्य उपस्थित हुनका लागि हार्दिक अनुरोध गर्दछ ।

**प्रस्तावहरू :**

१. सञ्चालक समितिको कोषाध्यक्षबाट प्रस्तुत प्रतिवेदन प्रमाणीकरण/स्वीकृति सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको समीक्षा र आ. व. २०८३/०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ. व. २०८२/०८३ को लाभांश वितरण गर्ने सम्बन्धमा ।
५. आर्थिक वर्ष २०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
६. संस्थाको विनियम पुनर्लेखन सम्बन्धमा ।
७. संस्थाको आन्तरिक कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।
८. आ. व. २०८३/०८४ का लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
९. सञ्चालक समितिले विभिन्न मितिमा गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
१०. साधारण सभाको माइनुट प्रमाणीकरण गर्न प्रतिनिधि छनोट सम्बन्धमा ।
११. सञ्चालक समिति/लेखा समितिको निर्वाचन सम्बन्धमा
१२. विविध

**तपसिल**
मिति : २०८३ कात्तिक १५ गते आईतवार
समय : ११:०० बजे
स्थान : सार्वजनिक भवन, नगराइन चौक


# दसैंका लागि असोज २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला हुने

## यात्रुको चाप व्यवस्थापन र सुरक्षित आवागमनका लागि यातायात विभागले तयारी तीव्र पार्‍यो

दैनिक समाचारदाता
काठमाडौँ, २० असोज । यस वर्षको दसैँमा घर जाने यात्रुका लागि असोज २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गरिने भएको छ।



यातायात व्यवस्था विभागमा सोमबार नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौला, विभागका महानिर्देशक राजीव पोखरेललगायत पदाधिकारीको बैठकले अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको हो।

बैठकपछि महानिर्देशक पोखरेलले दसैँमा यात्रुको सहज, सुरक्षित र व्यवस्थित आवागमन सुनिश्चित गर्न असोज २३ गतेदेखि अग्रिम टिकट बुकिङ खुला गरिने जानकारी दिनुभयो।

उहाँले दसैँका लागि यातायात व्यवस्थापनको आवश्यक तयारी भइरहेको बताउँदै यात्रुको चापलाई ध्यानमा राखेर सवारीसाधन व्यवस्थापन तथा यात्रु सेवासम्बन्धी तयारीलाई प्राथमिकता दिइएको जानकारी दिनुभयो।

दसैँको समयमा काठमाडौँ उपत्यकाबाट विभिन्न जिल्लातर्फ जाने यात्रुको सङ्ख्या बढ्ने भएकाले यात्रुलाई सहज रूपमा गन्तव्यसम्म पुर्‍याउन सम्बन्धित निकाय, यातायात व्यवसायी तथा सुरक्षा निकायसँग आवश्यक समन्वय भइरहेको विभागले जनाएको छ। महानिर्देशक पोखरेलका अनुसार यात्रुको चापअनुसार यातायात सेवा व्यवस्थित र सुरक्षित बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

दसैँमा यात्रुले टिकट पाउन समस्या भोग्न नपरोस्, अनावश्यक दुःख नहोस् र सुरक्षित रूपमा यात्रा गर्न सकून् भन्ने उद्देश्यले अग्रिम टिकट बुकिङ तथा यातायात व्यवस्थापनको तयारी अघि बढाइएको विभागले जनाएको छ।


अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४